का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १११
- ३० जेठ २०७७, शुक्रबार
- 12 June 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बिहीबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ४६१४ जना | ८६१ जना | ११५९३७ | ३७३८ | १५ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ७५ लाख ०२ हजार | ३८ लाख ०७ हजार | ४ लाख २० हजार | ३२ लाख ७३ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# विरोधै विरोध लकडाउनमै प्रदर्शन

## ■सरकारद्वारा कडा कारबाहीको चेतावनी

**प्रदर्शनका कारण**

- ■महामारी रोकथाममा खर्चिएको दश अर्बको खोजी
- ■क्वारेन्टिनमा रहेकाहरुको पीसीआर जाँचको माग
- ■एमसीसी खारेजी गरिनुपर्ने
- ■पश्चिम रुकुम घटनाका दोषीमाथि कार्वाही हुनुपर्ने

**पश्चिम रूकुममा कथित दलित भएकै कारण भएको सामुहिक हत्या, एमसीसी परियोजना अगाडि नबढाउन चेतावनी र महामारी रोकथामका विषयलाई लिएर देशका विभिन्न स्थानमा विरोध प्रदर्शन देखिन थालेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ जेठ ।

एमसीसी परियोजनाविरुद्ध राजधानीको विभिन्न स्थानमा प्रदर्शन भएको छ । माइतीघर मण्डलामा केही समय यता लगातार भइरहेको प्रदर्शन झनै बढेर गएको छ ।

राजधानीको साँखु बजारमा विरोध प्रदर्शन भएको छ । शंखरापुर नगरपालिका-३ जहरसिंपौवाबाट शुरु भएको विरोध प्रदर्शनसहितको र्‍याली ६० मोटरसाइकलसहित साँखु बजारसम्म आएका थियो । साँखु र जहरसिंपौवाबासीले निकालेको जुलुस साँखु बजार परिक्रमापछि नगरपालिकाको गेटमा पुगेर कोणसभामा परिणत भएको थियो ।

र्‍यालीमा सहभागीले एमसीसी खारेज गर, ब्याक अफ एमसीसी लगायतका नारा लगाउनुका साथै एमसीसी विरोधी प्लेकार्ड थिए । नेपाली काँग्रेसका शंकर तिवारी लगायतले एमसीसी परियोजनाले पार्ने समस्या, यस क्षेत्रका बासिन्दाको अधिकार हनन हुने विषयमा बोल्दै परियोजना कुनै हालतमा पास हुन नहुने बताए ।

प्रधानमन्त्री निवास बालुवाटार अगाडि मंगलबार थोरै संख्यामा भएको प्रदर्शन बिहीबार झनै चर्किएको छ । बिहीबार ठूलो संख्यामा प्रदर्शनकारी निस्किएका थिए । राजधानी उपत्यका सहित देशका ठूला शहरहरुमा समेत प्रदर्शन भएको छ ।



### ■कडा चेतावनी

देशभर सरकार विरोधी आन्दोलन शुरु भएपछि गृह प्रशासनले कडा चेतावनी दिएको छ । संक्रामक रोग ऐनलाई आवरणमा देखाएर सरकारले कडा चेतावनी दिएको हो । बिहीबार विज्ञप्ति जारी गर्दै गृह प्रशासनले बन्दाबन्दीको आदेशको अवहेलना हुने गरी देखाइएको प्रवृत्तिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

केही दिन अगाडिदेखि विभिन्न बहाना र माग राखेर अनावश्यक भीडभाड भइरहेको भन्दै त्यस्तो काम रोक्न मन्त्रालयले आग्रह गरेको छ । मन्त्रालयले नेपाल सरकारबाट जारी आदेशको अवहेलना गर्ने वा काममा बाधा पुर्‍याउने जो कोहीलाई पनि प्रमुख जिल्ला अधिकारीले ऐनले दिएको अधिकार प्रयोग गरी कारवाही गर्न सक्ने अधिकार दिएको छ ।

बन्दाबन्दीको आदेशको अवहेलना गर्नेलाई संक्रामक रोग ऐन, २०२० को दफा ३ को सजायअन्तर्गत सम्बन्धित प्रमुख जिल्ला अधिकारीले रु १०० देखि ६०० सम्म जरिवाना र एक महिना देखि छ महिनासम्म थुनामा राख्ने गरी कारबाही गर्न सक्ने प्रावधान रहेको छ । बाँकी पृष्ठ २ मा

# महिना नपुग्दै चार हजार बढी संक्रमित

**वैशाख मसान्तसम्म २४३ जनामा मात्रै देखिएको संक्रमण जेठ नसकिदै पाँच हजार नजिक पुगेको छ । बिहीबार एकै दिन २५० जनामा संक्रमण देखिए सँगै संक्रमित संख्या चार हजार ६१४ जनामा संक्रमण देखिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ जेठ ।

गएको माघ ९ गते पहिलो संक्रमित देखिएको कोभिड महामारीको संक्रमित जेठ महिनामा पाँच हजार नजिक पुगेको छ । वैशाख मसान्तसम्म २४३ जनामा मात्रै संक्रमण देखिएको थियो । तर, जेठ चौथो साता संक्रमित संख्या चार हजार ६१४ पुगेको छ ।

फागुन, चैत र वैशाख महिनामा सानो संख्यामा संक्रमण देखिएको थियो । तर, वैशाख अन्तिम साताबाट बढ्न थालेको संक्रमण एक महिना नपुग्दै पाँच हजार नजिक पुगेको छ । बिहीबारसम्म एक लाख १५ हजार ९३७ जनामा पीसीआर परीक्षण गरिएकोमा चार हजार ६१४ जना संक्रमित भेटिएका छन् ।

आरटीडी परीक्षण भने एक लाख ७८ हजार १४३ जनामा गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । देशभर बनेको क्वारेन्टिनमा बिहीबारसम्म एक लाख ६२ हजार १३ जना छन् भने आइसोलेसनमा ३७३८ जना छन् । बिहीबारसम्म निको भएर घर फर्कनेको संख्या ८६१ पुगेको छ भने १५ जनाको मृत्यु भएको छ ।

**एकै दिन थपिए २५०**

कोभिड-१९ को संक्रमण बिहीबार थप २५० जनामा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा आज २३० पुरुष र २० महिलामा कोरोना सङ्क्रमण पुष्टि भएको बताए ।

थप सङ्क्रमितसँगै अब नयाँ संक्रमितको संख्या चार हजार ६१४ पुगेको छ । जसमा पुरुषको संख्या चार हजार २८५ छ भने महिलाको संख्या ३२९ छ । संक्रमितको प्रादेशिक विवरणअनुसार प्रदेश नं १ मा १३ जिल्लाका ३०७, प्रदेश नं २ मा आठ जिल्लाका एक हजार ६७१, बागमती प्रदेशका १२ जिल्लाका १४७ र गण्डकी प्रदेशका नौ जिल्लाका १४७ जनामा कोरोना देखिएको छ ।

प्रदेश नं ५ का १२ जिल्लाका एक हजार ३९९, कर्णाली प्रदेशका नौ जिल्लाका ७५९ र सुदूरपश्चिम प्रदेशका नौ जिल्ला गरी १९२ जनामा कोरोना पुष्टि भएको मन्त्रालयले जनाएको छ ।



नयाँ बानेश्वरबाट माइतीघर तीनकुने सडकखण्डमा बिहीबार गुडिरहेका सवारी साधन । कोराना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सरकारले जारी गरेको बन्दाबन्दीको ८०औँ दिन हो ।
*-तस्वीर : रोशन सापकोटा, रासस*

**काँग्रेसको ध्यानाकर्षण**

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले कोरोना भाइरसको संक्रमणका कारण बनेको परिस्थितिबारे सरकारको ध्यानाकर्षण गराउन आगामी असार २ गते स्वदेश र विदेशबाट एक साथ कार्यक्रम गर्ने भएको छ ।

कोरोनाको महामारी रोकथाम र नियन्त्रण गर्न, यसका अल्पकालीन र दीर्घकालीन नकारात्मक प्रभाव न्यून गर्न, जनताको सरोकार र आवश्यकताका विषयलाई सम्बोधन गराउनका लागि नेपाल सरकारले तत्काल चाल्नुपर्ने कदमका सम्बन्धमा सामाजिक दूरी कायम गरी प्रधानमन्त्रीको ध्यानाकर्षण गराइने काँग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । कार्यक्रमअन्तर्गत काँग्रेस संघीय संसद, संसदीय दलका तर्फबाट प्रधानमन्त्रीसमक्ष, काँग्रेस प्रदेशसभा संसदीय दलका तर्फबाट प्रदेश सरकारसँग सम्बन्धित विषयवस्तुमा प्रदेश सरकारका मुख्यमन्त्रीसमक्ष र संघीय सरकारसँग सम्बन्धित विषयवस्तुमा प्रदेश सरकारका मुख्यमन्त्रीमार्फत प्रधानमन्त्रीसमक्ष ध्यानाकर्षण गराइने काँग्रेसले जनाएको छ ।

यसै गरी काँग्रेसका ७७ वटै जिल्ला कार्यसमितिले बाँकी पृष्ठ २ मा

# उद्धारका नाममा चर्को हवाइ शुल्क

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ जेठ

कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण रोजगारी गुमाई विदेशी भूमिमा अलपत्र परेका नेपालीहरुलाई स्वदेश फर्काउन चर्को हवाई भाडा असुल्न थालिएपछि कामदार, गैरआवासीय नेपाली तथा सरोकारवालाहरुले चर्को विरोध गरेका छन् ।

कोरोना कहरका कारण बाध्यतावश स्वदेश फर्किन थालेका कामदारहरुसँग चार्टर फ्लाइटको नाममा सामान्य अवस्थाको तुलनामा चार दोब्बरबढी भाडा असुल्न थालिएको भन्दै उनीहरुले त्यसमा छानविनको समेत माग गरेका छन् । नेपालबाट उडान हुने चार्टर फ्लाइटमा भएको भनिएको यस्तै महँगो भाडाकाबारेमा छानविन शुरु गरेको सरकारले विदेशबाट आउने फ्लाइटको अस्वभाविक भाडाबारे केही गरेको छैन ।

सरकारले आगामी आइतबारदेखि असार १४ गतेसम्ममा विदेशमा समस्यामा परेका करिब २५ हजार नेपाललीलाई उद्धार गरेर नेपाल ल्याउने निर्णय गरेको छ । विदेशस्थित नेपाली राजदूतहरुले चार्टर फ्लाइटले कामदारहरुलाई मर्कामा पार्ने भन्दै व्यवसायिक उडान शुरु गर्न आग्रह गरिरहेका छन् ।

व्यवसायिक उडान शुरु नहुँदा एक तर्फी चार्टर फ्लाइटका लागि १४ देखि १५ हजार रुपैयाँसम्म पर्ने मलेसियामा ६३ हजार ८ रुयैयाँ ४ पैसा तोकिएको सार्वजनिक भएको हो । सामान्य अवस्थामा एकतर्फी भाडा बढीमा २५ हजार रुपैयाँ पर्ने बहराइनको भाडा ६६ हजार ३७ रुपैयाँ ६५ पैसा तोकिएको सार्वजनिक भएको छ ।

मलेसियाबाट जुन १५, १८, २० र २१ तारिकमा चारवटा चार्टर उडानले अनुमति पाएका छन् । नेपाली दूतावासले ती उडानका लागि १ हजार ५ जनाको नाम सार्वजनिक गरेको छ । लिष्टमा रहेका व्यक्तिहरुले सम्पर्क नगरे अन्यलाई मौका दिने भन्दै दूतावासले टिकट बुकिङ गर्न आग्रह गरेको छ ।

स्वदेश फर्किनुपर्ने बाध्यतामा रहेका बीर थापा टिकट महँगो भएको गुनासो गर्दै भन्छन्, '४ महिनादेखि कम्पनीले काम पनि दिएको छैन । त्यसैमा तलब पनि दिँदैन अनि यति महँगो टिकट कसरी किन्ने ? यो समस्यामा परेकालाई उद्धार गरेको भन्दा पनि लुट्न खोजेको हो ?'

गैरआवासीय नेपाली संघ (एनआरएनए) मलेसियाका अध्यक्ष हरि भट्टराईले उद्धारको नाममा विपतमा बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### कुवेतबाट आए ३ सय नेपाली

काठमाडौं/मस- कुवेत सरकारको सहयोगमा बिहीबार ३ सय ६ जना नेपाली स्वदेश फर्किएका छन् । उनीहरुलाई नेपाली सेनाले छुट्याएको प्रदेशगत होल्डिङ सेन्टरमा रोखिएको छ । जजिरा एयरलाइन्सको पहिलो उडानमा एक सय ५७ जना र दोश्रो उडानमार्फत १ सय ४९ जना नेपाली स्वदेश आएका हुन् ।

स्वदेश आएकाहरु लामो समय गैरकानूनी हैसियतमा रहि कुवेत सरकारले दिएको आममाफी पाएका महिला कामदार हुन् । आममाफी पाएपछि तत्काल स्वदेश फर्कन दवाबमा परेका उनीहरु करिब ४५ दिनपछि स्वदेश फर्किन पाएका छन् । उनीहरु २७ तारिकदेखि कुवेती डिर्पोटेसन सेन्टर बसेका थिए । नेपाल आउनुअघि उनीहरुको कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा स्वास्थ्य परीक्षण गरिएको छ ।

यसपटक कुवेतमा २ हजार ९ सय ९१ जनाले आममाफी पाएका छन् । ३ सय ६ जना फर्किएपछि अझै ती क्याम्पमा २ हजार ६ सय ८५ जना रहेका छन् । उनीहहरुलाई नेपाल ल्याउन थप उडान गराउने कुवेतको तयारी रहेको बताइएको छ ।

घर फिर्ती शिविरमा रहेका २ हजार ९ सय ९१ जनालाई हरेक दिन दुई उडान गरी फर्काइने भन्दै गैर आवासीय बाँकी पृष्ठ २ मा

### कामदारको फिर्ती खर्चबारे रिट

**काठमाडौं/मस-** मानव अधिकारका लागि जनमञ्च (पिपुल्स फोरम) ले (कोभिड-१९) संक्रमणका कारण विदेशबाट उद्धार गरी ल्याउने कामदारको टिकट र अन्य खर्च आफैं व्यहोर्नुपर्ने भनी सरकारले गरेको आदेशविरुद्ध परेको पुरक निवेदन सर्वोच्च अदालतमा बिहीबार सुनुवाइ हुन सकेन ।

जेठ २३ गते दर्ता भएको उक्त रिटमा पहिलो पटक २६ गते पेशी परेको थियो तर हेर्न नभ्याइने सूचीमा परेको थियो । न्यायाधीशद्वय दीपककुमार कार्की र विश्वम्भर प्रसाद श्रेष्ठको इजालासमा परेको उक्त रिटले बिहीबार पनि सुनुवाइको समय पाएन । अब उक्त रिटमा जेठ ३२ गते आइतवार सुनुवाइको पेशी तोकिएको छ ।

पिपुल्स फोरमले (कोभिड-१९) का कारण विदेशमा रोजगारी गुमाएका कामदारको उद्धार र स्वास्थ्य बाँकी पृष्ठ २ मा

# खुकुलो भयो लकडाउन

**गएको चैत ११ गते देखि जारी देशब्यापी लकडाउन सरकारले २९ जेठबाटै खुकुलो बनाउने निर्णय गरेको छ । तीन चरणमा लकडाउन खुला गरिसक्ने गरी सरकारले लकडाउनको स्वरूप फेरेको हो ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ जेठ ।

सरकारले नीजि सवारी साधनलाई सम्बन्धित जिल्ला भित्र जोर विजोर प्रणालीमा सञ्चालन गर्न दिने निर्णय गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सम्बन्धित जिल्लाभित्र आवतजावत गर्ने गरी जोरविजोर प्रणालीमा नीजि सवारी साधन सञ्चालन गर्न दिने निर्णय गरेको हो ।

सरकारले दुई पाङ्गे सवारीमा एक जना र चारपाङ्गे सवारीमा चालक बोहक २ जना मात्रै सवार गर्न पाउने निर्णय गरेको सरकारका प्रवक्ता डा. युवराज खतिवडाले बताए ।

आवश्यक स्वास्थ्य सुरक्षाका उपाय अपनाएर पैदल आवागमन पनि खुला गरिएको छ । पैदल आवागमन गर्दा मास्क लगाउन, सेनिटाइजर प्रयोग गर्न र भिडभाड नगरी हिडडुल गर्न सरकारले आग्रह गरेको छ ।

यस्तै स्वास्थ्यसँग सम्बन्धित सम्पूर्ण सेवाहरु सञ्चालन गर्ने। कृषि र पशुपंक्षी सम्बन्धित व्यवसाय सञ्चालन, उत्पादन र बिक्री वितरण गर्न पनि खुला गरेको छ । यस्तै खाद्यवस्तु समेतको विक्रि वितरणलाई सहज बनाउन उद्योग, व्यापार, व्यवसाय, पसल र डिपार्टमेन्टर स्टोर खुला गर्ने निर्णय पनि सरकारले गरेको छ । यस्तै फोहोर मैला व्यवस्थापन, विद्युतिय दमकल, सञ्चार, बैंक, वित्तिय संस्था सहकारी क्षेत्र, नर्सरी र वनजन्य उद्यम र व्यवसायहरु पनि सञ्चालन गर्न दिने निर्णय सरकारले गरेको छ ।



कुवेतबाट बिहीबार त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थल आइपुगेका नेपाली बसबाट होल्डिङ्ग सेन्टर जाँदै । *तस्वीरः प्रदीपराज वन्त, रासस*

यस्तै विकास आयोजनाहरु, जल विद्युत आयोजनाहरु समेतलाई निर्वाध रुपमा सञ्चालन गर्ने निर्णय सरकारले गरेको प्रवक्ता खतिवडाले बताउनुभयो । क्वारेन्टाइनका लागि तोकिएका होटल बाहेक अन्य होटलहरु सञ्चालन तत्काल नगने निर्णय गरेपनि बाँकी पृष्ठ २ मा

# आपराधिक घटनामा कमी आयो : गृह

**काठमाडौं/रासस–** मुलुकमा विगत वर्षको तुलनामा बन्दाबन्दीको समयमा आपराधिक घटनामा कमी आएको छ । नेपाल प्रहरीका अनुसार लकडाउनले गर्दा झण्डै ६० प्रतिशत आपराधिक घटना घटेको छ। तथ्याङ्कमा आत्महत्याका घटनामा समेत विगतको वर्षहरुमा भन्दा कमी आएको देखिएको छ ।

प्रहरीले केही कर्त्तव्य ज्यान तथा भवितव्यका घटना तथा घरभित्र हुने अपराध र जबर्जस्ती करणीका घटना घटेका जनाएको छ । रुकुमको सोती र रुपन्देहीको गाई फार्ममा गम्भीर प्रकृतिको घटना भएका छन् । यी लगायतका घटनाहरुमाथि गम्भीर रुपमा छानविन गरी दोषीलाई कानूनी कारवाही गर्ने सरकारले यसअघि नै प्रतिबद्धता जनाइसकेको छ ।

गृह मन्त्रालयका सूचना अधिकारी उमाकान्त अधिकारीले तुलनात्मक रुपमा हेर्दा आपराधिक घटनामा विगतको भन्दा निक्कै कम देखिएको र आत्महत्याका घटनामा समेत कमी आएको बताए । उनका अनुसार विवरण विश्लेषण गर्दा करीब १४ प्रतिशतले आत्महत्यामा कमी आएको देखिएको छ ।




गृह मन्त्रालयबाट प्राप्त विवरण अनुसार चालु आवको पछिल्लो तीन महिना (चैत, वैशाख, जेठ) मा २२१ वटा चोरीका घटना भएका छन् । यो संख्या गत आवको सोही अवधिमा ७११ थियो । सङ्गठित तथा आर्थिक अपराधतर्फ गत आवको पछिल्लो तीन महिनामा एक हजार ३१९ घटना भएका थिए । चालु आवको सोही अवधिमा ५०३ पुग्यो । यस्तै महिला, बालबालिकासम्बन्धीको अपराधमा गत आवको पछिल्लो तीन महिनामा एक हजार २१८ वटा घटना भएकामा चालु आवको सोही अवधिमा ६०० घटना भए ।

सामाजिक अपराध गत आवको पछिल्लो तीन महनिामा तीन हजार ५३२ वटा भए भने चालु आवमा ९२३ घटना मात्रै भएका छन् । सवारी सम्बन्धीमा अपराध गत आवको पछिल्लो तीन महिनामा ७०५ थियो चालु आवको सोही अवधिमा २०७ वटा मात्रै भए । विवरणमा चालु आवको जेठ १५ सम्मको घटनालाई मात्र समेटिएको छ ।

आत्महत्यामा कमी

आत्महत्या बढ्यो भनेर विवरणहरु बाहिर आएपछि गृह मन्त्रालयका अधिकारी र सुरक्षा अधिकारीबीच बुधबार बैठक समिक्षा गरिएको थियो । उक्त बैठकले केही छिटफुट गम्भीर प्रकृतिका घटना भए पनि समग्रमा आपराधिक घटनामा कमी आएको निष्कर्ष निकालेको छ। आत्महत्याका घटना समेत विगतको भन्दा कमी नै रहेको बैठकको निष्कर्ष छ ।

प्राप्त विवरण अनुसार गत आवको चैत, वैशाख र जेठको तुलनामा चालु आवको सोही अवधि ३२८ ले आत्महत्यामा कमी आएको देखिएको छ । यद्यपि, यसमा चालु आवको जेठ १५ सम्मको मात्रै घटना समेटिएको छ।। पन्ध्र दिनमा यति धेरै घटना नहुने प्रहरीको भनाइ छ । कतिपय घटनाहरु सामाजिक चेतना र प्रहरीको सक्रियताले पनि बाहिर आउने गरेका छन् ।

चालु आवको चैत, वैशाख र जेठमा कोभिड-१९ का कारण सरकारले लकडाउनको आदेश जारी गरेको थियो । सोही अवधिको अभिलेख विश्लेषण गर्दा बन्दाबन्दी कै कारण आत्महत्या बढेको अभिलेखले नदेखाउने नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक नीरजबहादुर शाही बताउँछन् । उनका अनुसार औसत विवरण विगतको भन्दा केही कम देखिन्छ । कतिपय आत्महत्या बन्दाबन्दीसँग जोडिएको हुनसक्ने भए पनि त्यसरी अध्ययन नभएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। तथ्याङ्कमा झुण्डिएर आत्महत्या गरेका घटना भने निक्कै बढी देखिन्छन् ।

# प्रयोगशालामा स्वाबको चाप



**चितवन/मस–** कोरोना परीक्षणको दायरा बढेसँगै भरतपुर कोभिड-१९ प्रयोगशालामा स्वाबको चाप बढेको छ । क्वारेन्टिनमा बसेका व्यक्तिको पिसिआर परीक्षण थालिएपछि प्रयोगशालामा स्वाबको चाप बढेको हो । प्रयोगशालामा बुधबारसम्म तीन हजार १०० जनाको पिसिआर विधिबाट स्वाब परीक्षण गरिएको छ । सोमबार ३० जना र बुधबार चारजनाको पिसिआर पोजेटिभ देखिएको थियो । त्यसपछि झन पिसिआर परीक्षण गराउने बढेका छन् ।

दैनिक पिसिआर परीक्षणका लागि क्वारेन्टिन, अस्पताल र अन्य सम्भावित क्षेत्रबाट स्वाब सङ्कलन गरेर ल्याइने गरेको छ। तर स्वाबको चापका कारण प्रयोगशालामा नै होल्ड हुनुपर्ने अवस्था छ। भरतपुर कोभिड-१९ प्रयोगशाला प्रमुख डा नितु अधिकारीले पछिल्ला दिनमा प्रयोगशालामा स्वाबको चाप बढेको जानकारी दिइन् । उनले करिब ९०० स्वाब परीक्षणका लागि होल्डमा रहेको बताइन् ।

प्रयोगशालामा दैनिक १५० देखि २०० नमूना परीक्षणका लागि आउने गरेको भरतपुर अस्पतालका सूचना अधिकारी लीलाधर पौडेलले जानकारी दिए । शुरुका दिनमा निकै कम नमूना परीक्षण भए पनि अहिले संख्या बढ्दै गइरहेको उनले बताए । सोमबार ३१० नमूना परीक्षण गरिएको थियो । मङ्गलबार र बुधबार ४५० नमूना परीक्षण भएको पौडेलले जानकारी दिए । बुधबार भरतपुरमा सल्यानका १३१ वटासहित २७४ स्वाब परीक्षणमा गरिएको छ । ती सबैमा कोरोना सङ्क्रमण नभएको पाइएको छ । बुधबार भरतपुर क्यान्सर अस्पतालको २६, भरतपुर अस्पतालको ४६, भरतपुर महानगरपालिकाको आठ, चितवन मेडिकल कलेजको ११, सेन्ट्रल अस्पतालको तीन, नारायणी सामुदायिक अस्पतालको आठ, खैरहनी नगरपालिकाको ३६, मनकामना अस्पतालको पाँचजनाको स्वाब परीक्षण गरिएको अस्पतालले जनाएको छ ।

भरतपुर अस्पताल मातहत रहेको प्रयोगशालामा चितवन, नवलपरासी, धादिङ, कपिलवस्तु, मकवानपुर, सल्यानलगायतका जिल्लाबाट सङ्कलन गरी ल्याइएका स्वाब परीक्षण हुँदै आएको छ । प्रयोगशालामा अहिले १० जना प्राविधिकले काम गरिरहेका छन् । भरतपुर अस्पताल, क्यान्सर अस्पताल, पुरानो मेडिकल कलेज र चितवन मेडिकल कलेजका प्राविधिक प्रयोगशालामा खटिएका छन् । प्रयोगशालामा काम गर्ने प्राविधिकलाई अस्पतालले भरतपुर चोबीसकोठीमा रहेको होटल ग्लोबलमा आइसोलेशनमा राखेको छ। प्राविधिकले उच्च मनोबलको साथ राति १-२ बजेसम्म काम गर्ने गरेको भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा श्रीराम तिवारीले जानकारी दिए ।

विभिन्न जिल्लाबाट क्वारेन्टिनमा बसेकाहरुको स्वाब सङ्कलन गरी पठाउने गरिएकाले प्रयोगशालामा चाप बढ्दै गएको मेडिकल सुपरिटेन्डेन्ट तिवारीले बताए। कोभिड-१९ प्रयोगशालामा अहिले आवश्यक मात्रामा किट उपलब्ध रहेको उनले जानकारी दिए । प्रयोगशालाका प्राविधिकका अनुसार एउटा स्वाब परीक्षण गर्दा राज्यको रु १५ हजारदेखि रु २० हजार खर्च हुन्छ ।

## विरोधै....

मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माद्वारा जारी विज्ञप्तिमा अहिले कतिपय व्यक्ति सामाजिक सञ्जालबाट निश्चित स्थानमा जम्मा हुन आह्वान गर्ने, जुलुस प्रदर्शन, शान्तिपूर्ण धर्नाका नाममा धेरै व्यक्तिलाई सहभागी बनाउने, ज्ञापनपत्र दिन जाने आदि जस्ता कामका संलग्न भएको बताइएको छ। मन्त्रालयले जारी बन्दाबन्दीको आदेश विपरीत हुने गरी कुनै पनि काम कारवाही नगर्न, नगराउन र कुनै पनि बहानामा संलग्नसमेत सहभागि नहुन सम्बन्धित सबैलाई अनुरोध गरेको छ ।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ सङ्क्रमणको जोखिमबाट नागरिकको जीवन रक्षाका लागि मन्त्रिपरिषद्को बैठकले संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी लकडाउन हालसम्म जारी रहेको विज्ञप्तिमा उल्लेख छ।

मन्त्रालयले आवश्यक काम नपरी हिँडडुल गर्न नहुने, हिँडडुल गर्न वा आवागमन गर्नै पर्ने भएमा पनि न्यूनतम भौतिक तथा सामाजिक दूरी कायम गर्नुपर्ने जनाएको छ। मास्क, स्यानिटाइजर लगायतका सामग्री प्रयोग गर्नुपर्ने, अनावश्यक भिडभाड नगर्ने, नगराउने भनिएपनि यसको प्रतिकूल काम भए गरेको देखिएको उल्लेख छ ।

## महिना...

प्रमुख जिल्ला अधिकारीमार्फत र विदेशस्थित नेपाली जनसम्पर्क समितिका तर्फबाट नेपाली दूतावासमार्फत प्रधानमन्त्रीसमक्ष ध्यानाकर्षण गराइने कार्यक्रम गरेको उनले बताए ।

आमनागरिकमा सन्त्रास बढ्दै गएको, पिसिआर परीक्षण सुस्त गतिमा भएको, म मापदण्ड विपरीतका क्वारेन्टिन निर्माण गरी क्वारेन्टाइननै संक्रमण बढाउने कारखाना बन्दै गएको, विपन्न नागरिक र श्रम गरेर जीविकोपार्जन गर्ने श्रमिक खानाका अभावमा भोकै परिसकेको आरोप कांग्रेसले लगाएको छ । काँग्रेसले कृषि, पर्यटन र उद्योग व्यवसायको पुनरुत्थानका लागि राहतको कुनै कार्यक्रम ल्याउन नसकेको, रोजगारी सिर्जनाका लागि खासै योजना, नीति तथा कार्यक्रम नल्याएको, श्रमिक, बेरोजगार, विद्यार्थी, अपाङ्गता भएका व्यक्ति, एकल महिला र गर्भवतीलाई राहत एवं कुनै पनि विशेष कार्ययोजना ल्याउन नसकेको टिप्पणी पनि गरेको छ ।

यही जेठ २६ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकले निर्णय गरेबमोजिम पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेलको नेतृत्वमा प्रतिनिधिमण्डलले प्रधानमन्त्रीलाई बुधबार ध्यानाकर्षणपत्र बुझाइसकेको छ ।

## उद्धारका...

परेका कामदारहरुमाथि पीडा थप्न खोजेको भन्दै निर्धारण गरिएको भाडा नेपाली कामदारहरुको क्षमताबाहिर रहेको बताएका छन् ।

अध्यक्ष भट्टराइले रोजगारी गुमाएर खाने, बस्ने समस्यामा परेकाहरु विभिन्न संघसस्थाले दिएको राहतमा गुजारा चलाइरहेको अवस्थामा घर फर्किन लाखौं रुपैयाँ तिराउने अवस्था नरहेको भन्दै एकपक्षीयरुपमा तोकिएको हवाई भाडामा पुनर्विचार गर्न सरकारलाई आग्रह गरेका छन् ।

चर्को हवाई भाडामात्र विदेशबाट नेपाल आउने कामदार हरुले धेरै आर्थिक दायित्व वहन गर्नुपर्ने अवस्था छ । उड्नु अघि अनिवार्य गर्नुपर्ने स्वास्थ्य परीक्षण पनि कामदार आफैंले गर्नुपर्छ । स्वास्थ्य परीक्षण रकम देश अनुसार फरक छ । मलेसियामा पीसीआर टेष्टको १५ हजार रुपैयाँसम्म लाग्ने बताइएको छ। नेपालमा आएपछि क्वारेन्टिनका लागि होटलमा बस्दा आफैंले खर्च व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसपछि आफ्नो स्थायी ठेनामा पुग्दाको खर्च पनि कामदार आफैंले तिर्नुपर्ने व्यवस्था गरिएको छ ।

यस्तै एनआरएनए बहराइनका अध्यक्ष लक्ष्मी गिरीले सरकारले तोकेको हवाई भाडाले समस्यामा परेका कामदारहरुको पीडामा थप पीडा दिएको बताएकी छन् । भाडामा पुनर्विचार गर्न र त्यसो हुन नसके केही समयका लागि व्यवसायिक उडान खुला गर्न गिरीले सरकारलाई अनुरोध समेत गरेकी छिन् ।

## कुवेतबाट...

नेपाली संघ (एनआरएनए)का अध्यक्ष कुमार पन्तले कष्टकर अवस्थामा रहेका महिला, बालबालिका लगायतका नेपालीको सहयोगका निम्ति गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद (एनसीसी)ले कुवेत र युएईलाई ६ हजार डलर पठाएको उल्लेख गरेका छन् । तर विश्वव्यापी रुपमा फैलिएका कोरोना महामारीका कारण समस्यामा परेका आफ्ना नागरिक स्वदेश फर्काउने विषयमा सरकारले कुनै लगानी गरेको देखिएको छैन । अध्यक्ष पन्तले समस्यामा रहेका धेरै नेपालीलाई उद्धारको यथाशीघ्र पहल गर्न नेपाल सरकारसमक्ष आग्रह गरेका छन् ।

## कामदारको..

उपचार निःशुल्क गर्न र क्षतिपूर्ति समेत प्रदान गर्न माग गरेको छ ।

नेपाली कामदारको स्वास्थ्यको सुरक्षा, उपचार र रोजगारी गुमाएका कामदारको सोही गन्तव्य मुलुकमा कामको विकल्प खोजी सहजिकरण गर्नुपर्ने उल्लेख गर्दै नीतिपत्रमा फोरमले वैदेशिक रोजगारीबाट फर्किने कामदार हरुलाई क्षतिपूर्ति नेपाल सरकारले दिनै पर्ने भन्दै वैदेशिक रोजगार कल्याणकारी कोषमा ६ अर्ब रकम रहेको र त्यसमध्ये फर्किएको एक जना कामदारलाई कति रकम क्षतिपूर्ति वापत दिने भन्ने विषय कार्यविधि बनाएर तय गर्नुपर्ने सुझाव दिएको छ । महामारीका कारण फर्किएकाहरुलाई क्षतिपूर्ति दिनुपर्ने मागमा धेरैको चासो रहेको छ ।

यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा त्यस सम्बन्धि नीतिपत्र हस्तान्तरण गर्दै फोरमले बाध्यतावश फर्कन लागेका कामरदारलाई फर्काइनु अघि उनीहरुले पाउने तलव सुविधा अनिवार्य रुपमा दिलाएर मात्र नेपाल फर्काउने अनिवार्य गर्न सुझाव दिएको थियो ।

## खुकुलो ...

प्याकिङको माध्यमबाट सेवा दिने गरी रेष्टुरेण्टहरु सञ्चालन गर्न पाउने निर्णय सरकारले गरेको छ।

सरकारी तथा गैरसरकारी कार्यालयहरु दुई सिफ्ट गरेर सञ्चालन गर्ने निर्णय पनि सरकारले गरेको छ । बिहान ८ बजेटबाट १ बजेसम्म पहिलो सिफ्ट र दिउँसो १ बजेटबाट साँझ ६ बजेटसम्म अर्को सिफ्ट गरी कार्यालय सञ्चालन गर्न सकिनेछ । यद्यपी बैंक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा, सरकारी तथा गैर सरकारी कार्यालय र जोर विजोर प्रणालीमा सञ्चालन हुने नीजि सेवा प्रदायक कार्यालयका सवारीका हकमा असार १ गतेबाट निर्णय लागु हुने छ । अन्यको हकमा भने तत्काल लागु भइ २१ दिनसम्म कायम रहने उनले बताए ।

सरकारले तत्काल शैक्षिक संस्था सञ्चालन नगर्ने निर्णय पनि गरेको छ । अनुमति प्राप्त बाहेकका अन्तर्राष्ट्रिय उडानहरु सञ्चालन नहुने, तोकिए बाहेकका सीमा नाकाबाट आवतजावत नगर्ने निर्णय पनि गरेको छ । यसैगरी सभा सम्मेलन, सिनेमा हल, डान्साबर, सार्वजनिक पुस्तकालय, व्युटि पार्लर, सैलुन तत्काल सञ्चालन गर्न नपाइने निर्णय पनि सरकारले गरेको छ । यसैगरी सम्पूर्ण धार्मिक स्थल, यात्रुवाहक सवारी साधन पनि तत्काल सञ्चालन नगर्ने निर्णय सरकारले गरेको छ ।

त्यस्तै सरकारले नेपाल भारत सीमा सम्बनधमा प्रमाण संकलनका लागि विष्णुराज उप्रेतीको संयोजकत्वमा ९ सदस्य रहेको समिति पनि गठन गरेको छ। समितिले नेपाल भारतबीचका सन्धी सम्झौता र समझदारीपत्र, तत्कालिन इष्ट इण्डिया कम्पनी ब्रिटिस सरकार भारत सरकारसँग भएका पत्रचारहरुको सक्कल कागजात र नभए प्रतिलिपि खोज्नुपर्ने छ ।

सार्वजनिक निकाय लगायत विभिन्न संघ संस्था, व्यक्ति, स्वदेशी तथा विदेश पुस्तकालय एवं अभिलेखालयबाट सीमा क्षेत्र सम्बन्धित सरकारी प्रतिवेदन, आदेश, प्रकाशन, सरकारका योजना लगायतका सरकारी दस्तावेज पनि खोज्ने छ । अदालती फैसला, जग्गाको स्वामित्वको प्रमाणपत्र एवं राजस्व, मालपोत, भूमिकर, तिरोभरो आदि तिरेका रसिद, भरपाई पत्र वा आदेशको पनि खोजबिन गर्ने छ।

सरकारले माध्यमकि शिक्षा परीक्षा (एसईई) को नतिजा विद्यालयको आन्तरिक मुल्याङ्कनका आधारमा प्रकाशन गर्ने भएको छ। परीक्षा स्थगित भएका कारण विद्यार्थीको पढाइ र मनोविज्ञानमा पर्न सक्ने असरलाई मध्यनजर गर्दै हरेक विद्यालयहरुले विद्यार्थीहरुको अन्तिम मूल्याङ्कन जिल्ला शिक्षा विभागमा पठाउने र विभागले प्रमाणित गरी राष्ट्रिय परीक्षा बोर्डमा पठाउनुपर्ने निर्णय गरेको छ । बोर्डले आवश्यक कार्यविधि बनाएर नतिजा प्रकाशन गरी प्रमाणपत्र वितरण गर्ने प्रवक्ता खतिवडाले बताए ।







नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति :- २०७७/०२/३०)

उपरोक्त विषयमा यस कार्यालयको तर्फबाट मिति २०७७।१।२९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रीत पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिमको प्रयोजनार्थ यो सूचना सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिलः

| ठेक्का नं. | कामको विवरण | जिल्ला | आयोजनाको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रू. (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|---|
| ३१-०७६/०७७ | डिजेल जेनेरेटर आपूर्ति कार्य | चितवन | विभिन्न खा.पा.आ.हरु | शुभश्री सप्लायर्स, नेपालगञ्ज, बांके | ४७३४०००.०० |
| ३२-०७६/०७७ | डि.आई. पाइप तथा फिटिङस आपर्ति | चितवन | विभिन्न खा.पा.आ.हरु | शुभश्री सप्लायर्स, नेपालगञ्ज, बांके | ४३८६४३६.०० |
| ३३-०७६/०७७ | विभिन्न फिटिङस आपर्तू कार्य | चितवन,रसुवा,नुवाकोट | विभिन्न खा.पा.आ.हरु | वेलकम सप्लायर्स, नारायणगढ, चितवन | ५०६७४३१.०० |
| ३४-०७६/०७७ | एच.डि.पि. पाइप (PE-100) खरिद | चितवन | विभिन्न खा.पा.आ.हरु | नेपाल सिन्टेक्स ई.प्रा.लि., चितवन | ५२०५२११.६६ |
| ३५-०७६/०७७ | एच.डि.पि. पाइप (PE-100) खरिद | धादिङ्ग,रसुवा,नुवाकोट | विभिन्न खा.पा.आ.हरु | आशिर्वाद पाइप ई.प्रा.लि., चितवन | ४७४७३९९.४७ |

आयोजना प्रमुख



चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा
प्रदेश नं. १, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति :- २०७७/०२/३०)

यस चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले मिति २०७७०१।१९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ३० (तीस) दिने सूचना अनुसार दर्ता हुन आएका वोलपत्रहरु मध्ये न्यूनतम रुपमा मूल्यांङ्कित सारभूत रुपमा प्रभावग्राही वोलपत्र मूल्यांकन समितिबाट छनौट गरी स्वीकृतीका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ ।

तपसिलः

| सि. नं. | ठेक्का नं | योजनाको नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कवोल रकम भ्याट वाहेक विमा सहित | कै. |
|---|---|---|---|---|---|
| १ | CRM/RE/06/076/77 | CRM/RE/06/076/77 (Rural Electrification works of different places of Chishankhugadhi Rural Municipality) | श्री श्रेष्ठ विल्डर्स, ललितपुर, २३ | ३०,८१,६९४।२६ (अक्षरेपी तीस लाख एकासी हजार छ सय चौरानव्वे रुपैया छव्वीस पैसा मात्र ) | |

वोधार्थः
श्री Seasonal Engineering and Construction Consultancy pvt.Ltd..Ktm.
श्री हिमालयन कन्सट्रक्सन, ताप्लेजुङ ।

ओम वहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

# सामाजिक दूरी कायम गर्दै २२१ जनालाई बक्स अफिस म्युजिक अवार्ड



मध्यान्ह संवाददाता
काठमाडौं, २९ जेठ

'राष्ट्रको सर्वश्रेठ अवार्ड नेसनल बक्स आफिस म्युजिक अवार्ड -२०७६' रसिया संस्करण अन्तर्गतको अवार्ड यसपटक काठमाडौंमा सामाजिक दुरी कायम गर्दै लकडाउनको बीच प्रदान गरिएको छ । कोभिड १९ कोरोना भाईरसको कारण विश्व नै लकडाउनमा रहेको अवस्थामा यो अवार्ड कार्यक्रम बक्स अफिस इन्टरनेसनल ग्रुपले लकडाउनको कठिन समय पनी विश्व स्वास्थ्य संगठनको मापदण्डलाई पालन गर्दै सामाजिक दुरी कायम राखी सम्पन गरेको हो ।

कोभिड १९ को कोरोनाको मारमा देश, समाज र कलाकार हरुलाई सकारात्मक उर्जा प्रदान गर्नुको साथै लामो समयको लकडाउनमा गीत संगीतका श्रस्टाहरुलाई समाजिक दुरी कयम गर्दै विश्वमै पहिलो पटक यस्तो अवार्ड सम्पन्न भएको हो । यो संस्थाका अध्यक्ष रामबहादुर सुवेदी (आरके)ले यस भन्दा अघि पनि विश्वमै पहिलो पटक उडिरहेको हवाई जहाज, समुन्द्र भित्र पानीमा, पानीमाथि र विश्वकै सर्वोच्च शिखर सगरमाथाको आधार शिबिरमा रचनात्मक अवार्ड आयोजना गरेर विश्व किर्तिमानी कायम गर्दै गिनिज बुक अफ द वर्ल्ड रेकर्डमा नेपालको नाम दर्ता गराई सकेका छन् ।

यसै क्रममा यसपटक पनि यस्तै रचनात्मक अवार्ड गरी अर्को विश्व रेकर्ड बनाउने लागेको सुवेदीले बताएका छन् । विश्व किर्तिमानको मापदण्ड पूर्ण पालना गर्दै यसपटक यो अवार्ड प्रदान गरिएको हो । नेपाल चलचित्र कलाकार संघका अध्यक्षय रविन्द्र खड्का, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका परिषद सदस्य अशोक राई, ए डिभिजन मनाङ्ग मस्याङ्गदी क्लबका अध्यक्षय छिमि गुरुङ्ग, समाजसेबी सोनाम गुरुङ, वरिष्ठ पत्रकार मदन कुमार श्रेष्ठ र सिता देवी श्रेष्ठलगायत विभिन्न व्यक्तिहरुको विशेष आतिथ्यमा सो अवार्ड प्रदान गरियो । नेपालमा करिब एक साल लगाएर देश,बिदेश,गाउं शहरमा रहनु भएका नयाँ पुराना गित संगित खोजी खोजी यो अवार्डको अनतिम नतिजा तयार गरिनछ।

आर्थिक वर्ष २०७५/०७६ को असार मसान्तसम्म सार्वजनिक भएका चलचित्र,आधुनीक, लोक दोहोरी, लोक, पप, राष्ट्रिय भावनाले ओतप्रोत, तिज, चाडपर्व, भाषाभाषिक, प्रवास, मोफसलसहित प्रतिविदा ३२ ओटाको दरले २२१ का तर्फबाट यो बषको कार्यक्रममा अवार्ड प्रदान गरियो । आयोजक बक्स अफिस इन्टरनेशलन गुपले कार्यक्रममा आयोजक अवार्ड, इन्करेजमेन्ट अवार्ड, पब्लिक च्वाईस अवार्ड, क्रिटिक्स अवार्ड र जुरी अवार्ड प्रदान गरेको हो । यो प्रतियोगितामा वरिष्ठ संगीतकार शम्भुजीत बासकोटा, राजु सिंह, महेश खड्का, चेतन सपकोटा, वसन्त सपकोटा ५ निर्णयक थिए । यी निर्णायकको निणर्यको अधारमा सो अवार्ड सम्पन्न गरिएको हो । यो अवार्डका लागि ३ हजार ७ सय ओटा गीतसँगीत र म्युजिक भिडियोले आबदेश दिएका थिए ।

नेसनल बक्स अफिस म्युजीक भिडियो २०७६ संस्करणको विभिन्न विधा अन्तरगत विजेताहरुको नाम यस प्रकार रहेको छ ।

## यो साल रिलिज भएका गित संगितलाइ एक एक गरि केलाउदा बिभिन्न विधा यसप्रकार छन् ।




भिडियो (नायक) पब्लिक च्वाईस अवार्ड अनमोल केसी,
भिडियो (नायिका) पब्लिक च्वाईस अवार्ड सुहाना थापा
भिडियो (नायक) जुरी अवार्ड पल शाह,
भिडियो (नायिका) जुरी अवार्ड बर्षा शिवाकोटी
क्रिटिक्स अवार्ड गायिका ज्ञानु राणा,
क्रिटिक्स गायक आनन्द कार्की,
क्रिटिक्स गायक यम वराल,
जुरी अवार्ड गायिका अन्जु पन्त,
निर्देशक शोभित बसनेत,
निर्देशक मदन घिमीरे,
संगीतकार चेतन सापकोटा,
संगीतकार दिपक रमण,
गायक देव कुमार चौधारी,
मोडल धिरेन शाक्य,
सम्पादन वावु काजी डाल्मी,
छायांकार रविन ढुँगेल,
म्युजिक एरेन्जर सुमन कपाली,
गायिका आश्मा पाण्डे,
संगीतकार सुमन नेपाली,
गायिका रत्नशोभा महर्जन,
मोडेल सुरज नापित,
रचनाकार सपना पुन मोडेल,
मोडल आशिष्मा नकर्मी,
गीतकार सुमन चित्रकार,
गीतकार गणेश प्रसाद मर्हजन,
मोडल सरोज नापित,
गायक नविन महर्जन,
मोडल सोभा महर्जन,
गीतकार दिल कृष्ण प्रजापती,
गायक नविन रेउले,
गीतकार अशोक श्रेष्ठ,
संगीतकार अमृशा पाण्डे,
गायिका सृजना केसी,




मोडल सितल के.सी,
गायक मोडेल सिताराम पोखरेल,
गायिका मेलिना राई,
गीतकार प्रभु शाह,
गायक प्रमोद खरेल,
निर्देशक ज्योति काफ्ले,
आधुनिक गीतकार डब्बु क्षत्री,
आधुनिक गायिका सरिता भारती,
निर्देशक राजु अधिकारी,
संगीतकार विकास चौधरी,
नृत्य निर्देशक दिनेश पाखिङ्ग,
निर्देशक अमर ओली,
मोडल विनोद श्रेष्ठ,
राष्ट्रिय गीतकार भूमिका लिम्वु सुब्बा,
नृत्य निर्देशक कवि राज गहतराज गायक,
गायक प्रकास सपुत,
संगीतकार वसन्त सापकोटा,
गीतकार राजेश कुमार श्रेष्ठ
मैथिली गीत भिडियो निर्देशक सुवास गजुरेल,
गायक जित वहादुर पुन,
गायक नारायाण थापा,
गायिका लक्ष्मी दोङ्ग तामाङ्ग,
नेसनल गीतकारमा ध्रुव प्रसाद अम्वानी,
निर्देशक टिका राम ढुङ्गना,
गीतकार नारायण गजुरेल,
गीतकार अशोक महजन,
गायीका रोजी श्रेष्ठ,
गायक नन्दु राई,
गीतकार साधना सन्ध्या राई,
गायक दिनेश क्षत्री,
मोडल नियुक्ति काजी शेर्पा,
गीतकार सावित्री चिलवाल,
गीतकार प्रियांका भण्डारी,
गायक पुर्ण लिम्वु,
गायिका मान्जय लामा,
गीतकार प्रकाश पुन्ज,
भिडियो निर्देशक माईकल चन्द,
गायक राम भक्त जोशी,
संगीतकार अशोक महर्जन,
मोडल सारा श्रेष्ठ,
संगीतकार नारायण गजुरेल,
मोडल सुस्मिता श्रेष्ठ,
लोक आधुनीक खुसीहाङ्ग राई,
गायिका लिला लामा,
गायिका आश्मा राई,
निर्देशक लिला विष्ठ,
गायिका लक्ष्मी वस्नेत,
गीतकार तिल वहादुर कार्की,
गायक नरहरी प्रेमी,
गायिका पम्फा कडेंल,
गायिका रेखा वस्नेत,
छायाङ्कन विरेन्द भट,
गायिका अनिता श्रेष्ठ,
गीतकार देव नारायण मगर,
गायक यज्ञ सापकोटा,
निर्देशक मदन खड्का,
गायिका गौरी भट्ट,
गायक रमित विसी,
मोडल दुर्गा भट्ट,
सम्पादन अनिल राना,
मोडल कमल सिंह,
धर्मिक खुमा ओली,
मोडल श्रया दुलाल
सम्पादन अनिल राणा,
गायक दिपक वराइली,
गीतकार नरेन पुन,
गायक इन्दु वस्याल,
निर्देशक नविन पुरी,
गीतकार तृष्णा खड्का,
मोडल उषा कार्की,
गायिका निरुता खत्री,
गायीका सुजता केसी,
गायक राज कुस्मी,
मोडल माधव केसी,
नवनिर्देशक कुमार आचार्य,
मोडल फरिता खड्का,
मोडल सानु तामाङ,
मोडल प्रतिक्षा खड्का,
मोडल कविता शाक्य,
गीतकार श्यम शर्मा,
सम्पादक प्रेम शर्मा पौडेल,
युगल गायक चन्द्र वहादुर तामाङ,
गायक विक्रम थापा,
गीतकार विष्णु पौडेल,
मोडल अजय खड्का,
गायक केशब शर्मा वेल्वासे,
मोडल कविता यादव,
नव मोडल समिर खड्का,
संगीतकार ज्योती प्रकाश,
मोडल सुक वहादुर तामाङ्ग,
गीतकार किरण घिमीरे,
गायिका दुर्गा मगर,
गायिका सुमि पराजुली,
गायिका विमल आठरिया राई,
आधुनिक गायक चित्र अठरीया राई,
निर्देशक गम्भिर बिष्ट,
गीतकार मिनसागर लामा,
सम्पादक विश्व खड्का,
मोडल उज्वन नेम्वाङ्ग,
गायक सुरज पौडेल,
नव गायक सुरेश गौतम,
गायक धर्मराज न्यौपाने,
नव गायक कृष्ण लामीछाने,
नव गायिका अनुशा रायमाझी,
अरेन्जर राकेश क्षेत्री मोडल,
महिला कमला धामी,
देउडा निर्देशक प्रकाश क्षत्री,
मोडल रमेश चन्द सोडारी,
गायक शङकर ढकाल,
निर्देशक किशोर भण्डारी,
मोडल करण श्रेष्ठ,
मोडल विवेक चौधरी,
नृत्य निर्देशक उत्तर कुमार थापा,
मोडल दिपेश श्रेष्ठ,
सम्पादन तेन्जिङ्ग मोक्ताङ्ग लामा,
गायिका काव्य आचार्य,
गायक डिकेश इदिङ्गो,
लोड गायक-यमन माझी,
लोड दोरी गायक-कृष्ण वस्नेत,
म्युजिक अरेन्जर थोमस राई,
भाषिक गायक उजय नेमाङ्ग लिम्बु,
आधुनीक गायक प्रकाश कुमार राई,
संगीतकार (नेपाल भाषा) गायक दिप रमण डंगोल,
देउडा गायिका सुस्मा राई,
आधुनिक लोकेश राई,
संगीतकार- शान्ति थापा,
प्रवाशी संगीत दिलीप राई,
सागर गोविन्द चेम्जुङ्ग लिम्बु,
मोडल ए.न भट्टराई,
गायक पुर्ण वहादुर लिम्बु,
गायिका अनुका राई,
मोडल नवराज सिलवाल,
गायिका धन कुमारी रायमाझी,
नव गायक नव राज लोहनी,
गायिका संगीता राई,
गायिका शोभा कार्की,
मैथली गायक भक्तराज देव,
मोडल सुवास फुयाल,
अरेन्जर-विर वहादुर फुयाल,
मोडल-विजेन्द्र नेमाङ्ग,
मोडल-लोक वहादुर सुनुवार,
मोडल-सिमरन कार्की,
मोडल (चलचित्र गीत) प्रेम सोनी,
गायिका सरु थापा,
संगीतकार राज सिग्देल,
गीतकार सानु केसी,
निर्देशक केशव अधिकारी,
गायिका तृष्णा खड्का,
गायक जिवन परियार,
गायक सन्जिब वहादुर सिंह,
गायक यम शर्मा सुब्बा,
नृत्य निर्देशक सुवल थापा,
गीतकार ध्रुव प्रसाद अम्वानी,
मोडल पुजा गुरुङ्ग,
गायिका जानकी कुँवर,
गायक भुवन प्यासी,
गीतकार पुनम मोथे,
गायिका सानी शाक्य,
गायक कमल खत्री,
मोडल रञ्जन रिजाल,
गीतकार अरुण तिवारी,
गायिका सञ्जु न्यौपाने,
मोडल समृद्धि पौडेल,
गीतकार पुष्पराज वराल,
सम्पादक नविन निरौला,
निर्देशक जिवन शाही,
आधुनिक सिडी विजय अधिकारी,
संगीतकार दिपकराज गौतम,
पप गायक सुनिल सिंह ठकुरी,
देश भक्ति गीत-श्रीधरा अधिकारी (सृजु)
गायिका खुसी थुलुङ्ग राई,
गायक दिनेश क्षत्री,
गीतकार प्रकाश पुन्ज,
गीतकार रवि सिंह,
गीतकार सम्राट वस्नेत,
गीतकार किरण माईकल घिमिरे,
गीतकार विष्णु खड्का,
गीतकार नरेन पुन,
गायक विनोद ढकाल,
मोडल राजेश कार्की
मोडल साजन सन्ध्या राई,
मोडल विन्दु राई,
मोडल विशाल विष्ट,
मोडल राजु लामा,
मोडल किशोर कुमार शर्मा,
मोडल-दुर्गा भट्ट,
गीतकार डि आर उपाध्याय,
मोडल समिर खनाल,
मोडल उषा कार्की,
मोडल कविता राय,
मोडल रुस्मा राई,
नव नायक प्रेम सोनी,
गायक आशिष सचिन,
युगल गायन कमल खत्री र रानी शाक्य,
संगीत नविन रावल,
नव गायक राज क्षितिज,
गायिका ज्योति मगर,
मोडल रिता थापा, बुद्ध कुमार श्रेष्ठ, भिमि बहादुर कार्की (भुपाल), श्रीजना मैनाली, ऋचा थापा,समृद्धि पौडेल
निर्देशक उत्तम बहादुर वाइबा,
नव निर्माता भिम बहादुर कार्की (भुपाल),
गीत मिकसिङ डिका गुरुङ्ग,
बाद्यबादन राजु खड्का
शेपा गायिका आङनिमा शेर्पा,
गीतकार (प्रवास) पुनम मोधे
चलचित्र गीतकार (प्रवास) नृपेश उप्रेती
मोडल रञ्जन रिजाल
संगीतकार दिपक राज गौतम
गायक (पप) सुनिल सिंह ठकुरी

# मिस युनिभर्स नेपाल २०२० शुरु




**काठमाडौं, मस-** म नेपाली लिमिटेड नेपालका लागि मिस युनिभर्स संगठनको नयाँ फ्रान्चाइजी मिस युनिभर्स नेपाल २०२० प्रारम्भ भएको जनाइएको छ । पहिलो अनलइन–एपब्युटी पेजेन्ट-मिस युनिभर्स नेपाल २०२० को घोषणा गर्न पहिलो डिजिटल प्रेस सम्मेलन गरिएको हो ।

मिस युनिभर्स नेपाल २०१७ मा नग्मा श्रेष्ठले स्थापना गरेकी हुन् भने नेपालको एक मात्र बहु–बिलियन डलर मल्टिनेशनल समूह सीजी कर्पोरेसन ग्लेबल यसको सह–संस्थापक हो ।

म नेपालीका लागि पहिलो इन-एप सौन्दर्य प्रतियोगिता आयोजना गर्नुको उद्देश्य कोभिड-१९ महामारीको समयमा प्रतिस्पर्धी र फ्यानहरुको सुरक्षा गर्नु र सौन्दर्यलाई लोकतान्त्रिकरणका साथै जहाँ जस्तो अवस्थामा भए पनि नेपाली युवाहरुलाई प्रतिस्पर्धा गराउने रहेको छ ।

संस्थापक नग्माले भनिन् 'मेरा नजरमा नेपाली महिलाहरु शाहसी, बोल्ड र सुन्दर छन् । मैले ७ वर्षको उमेरदेखि नै सौन्दर्य प्रतियोगितामा प्रतिस्पर्धा गर्ने सपना देखेकी थिएँ । मलाई लस भेगासमा मिस युनिभर्स पेजेन्टमा नेपालको प्रतिनिधित्व गर्न पाउँदा निकै गर्व लागेको थियो । आज, म मिस युनिभर्स नेपालको राष्ट्रिय निर्देशक भएकी छु । सपनाहरु साकार हुन सक्छन् । र, म के सुनिश्चितगर्न चाहन्छु भने सबै युवा नेपाली महिलाहरुसँग मैले पाएजति समान अवसर छ , जित वा पराजित जे भए पनि त्यसले हामीलाई आफू र आफूले प्रतिनिधित्व गरेको देशप्रति गर्भवान्वित महशुस गराउँछ ।'

सीजी कर्पोरेसन ग्लोबलका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत राहुल चौधरीले प्रतिभाशाली तथा प्रेरणादायक नेपालकी पूर्व मिस युनिभर्स नग्मासंग साझेदारी गरेर विश्वकै प्रतिष्ठित मिस युनिभर्स ब्राण्ड नेपालमा ल्याउन पाउँदा आफू पनि निकै उत्साहित भएको बताए ।

प्रतियोगिता सञ्चालनका लागि जज प्यानमा अनुशा पीटरसन र जोनस गाफुड रहेका छन् । ग्राउन्ड ब्रेकिंग म नेपाली, मिस युनिभर्स नेपाल २०२० एप जुलाईको मध्यान्तरदेखि एप स्टोर र गुगल प्ले स्टोरमा उपलब्ध हुने पनि जनाइएको छ ।

म नेपाली लिमिटेडले पहिलो पटक नेपालमा मिस युनिभर्सको आयोजनाले नेपाली संस्कृति, कलाकार र व्यक्तित्वको उत्कृष्ट प्रदर्शनले विश्वकै उत्कृष्ट पेजेन्ट मध्यको एक बन्ने अपेक्षा गरेको छ । कार्यक्रममा सीजी कर्पोरेसन ग्लोबलका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत राहुल चौधरी र मिस युनिभर्सकी नग्माका साथै मिस युनिभर्स जोजीबीनी टुन्जी, मिस युनिभर्स नेपाल २०१८ की मनिता देवकोटा र सुपरस्टार इन्दिरा जोशी लगाएतको सहभागिता थियो । कार्यक्रममाम नेपालीकी क्रिएटिभ डिरेक्टर अनुशा पीटरसनले मिस युनिभर्स नेपाल एपको पहल बारेमा जानकारी गराएकी थिइन् ।


## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०२/३०

सामाजिक विकास मन्त्रालय बागमती प्रदेश अर्न्तगत सार्वजनिक निर्माण कार्यान्वयन इकाइ, गजुरी, धादिङद्वारा तपसिलका जिल्लामा देहाय बमोजिमका प्रस्ताव कार्यान्वयन गर्न लागिएको व्यहोरा अनुरोध छ ।

| क्र सं. | अयोजनाको नाम | प्रस्तावको व्यहोरा | प्रभाव पर्ने जिल्ला/गापा/नपा |
|---|---|---|---|
| १ | कोलोनी बिदुर कभर्ड हल | ३,६०० वर्ग मिटर क्षेत्रफलमा १,००० जना अट्ने क्षमताको कभर्ड हलको निर्माण | नुवाकोट जिल्ला, बिदुर नगरपालिका वडा नं.-९ |
| २ | माडी कभर्डहल | २,५०० वर्ग मिटर क्षेत्रफलमा १,००० जना अट्ने क्षमताको कभर्ड हलको निर्माण | चितवन जिल्ला, माडी नगरपालिका वडा नं.-३ |
| ३ | शिखरकोट कभर्डहल | ६,००० वर्ग मिटर क्षेत्रफलमा १००० जना अट्ने क्षमताको कभर्ड हलको निर्माण | मकवानपुर जिल्ला, थाहा नगरपालिका वडा नं.-३ |

माथि उल्लेखित प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानका नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

**प्रस्तावकको नाम र ठेगाना**
**सामाजिक विकास मन्त्रालय, बागमती, प्रदेश**
**सार्वजनिक निर्माण कार्यान्वयन इकाइ**
**गजुरी-०१, धादिङ, फोन नं: ०१० -४०२१८५, इमेल : picugajuri@gmail.com**



## ऋषिङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**कोटदरवार-७, ऋषिङ्ग, तनहुँ**
**गण्डकी प्रदेश**

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

(प्रकाशित मिति : २०७७/०२/३०

उपरोक्त सम्बन्धमा यस कार्यालय बाट मिति २०७६/१२/२५ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मुल्यांङ्कित सारभुतरुपमा प्रभावग्राही भई बोलपत्र मुल्याङ्कन समितीले गरेको निर्णय अनुसार स्वीकृतको लागी प्रकृया अगाडी बढाउनु पर्ने भएकोले ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागी यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कामको विवरण | प्याकेज नं | बोलपत्रदाताको नाम र ठेगाना | बोल कबोल रकम | ला.ई.भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Construction of Boundary Wall of Industrial Estate | 06/RRM/TANAHUN/NCB/WORKS/2076/77 | Nidhyana Construction Company, Hetauda-11, Makawanpur, Nepal. | NRs. 1,16,29,083.18/- (without VAT) | 22.64 Percent Lower | |

सर्वोच्चको आदेश

# ‘लकडाउन खुलेको ३० दिनभित्र कर तिर्ने व्यवस्था गर्नु’

मध्यान्ह संवाददाता
काठमाडौं, २९ जेठ

सर्वोच्च अदालतले करमा समेत शुन्य समय लागू हुने स्पष्ट पारेको छ । सर्वोच्चले बुधबार सरकारको नाममा अन्तरिम आदेश जारी गर्दै उद्योगी व्यवसायीले लकडाउन सकिएको ३० दिनभित्र कर तिरे हुने बताएको छ । यस अघि सरकारले असार ७ गतेभित्र कर तिर्न सूचना जारी गरेको थियो । सो सम्बन्धमा अधिवक्ता सृजना अधिकारी र थानेश्वर काफ्लेले लकडाउनको समयलाई शुन्य समय मान्दै लकडाउन खुलेको ३० दिनभित्र कर उठाउनु पर्ने माग राख्दै रिट निवेदन दर्ता गराएका थिए । उक्त रिट निवेदन माथि सुनुवाई गर्दै कर तथा विवरण लकडाउन पूर्ण रुपमा खुलेको ३० दिनभित्र तिर्ने व्यवस्था सहित सरकारको नाममा अन्तरिम आदेश जारी गरेको हो । बुधबार उक्त रिटमाथी सर्वोच्च अदालतका न्यायाधीशद्वय अनिलकुमार सिन्हा र मनोजकुमार शर्माको इजलासले



असार ७ गतेसम्म कर तिर्नुपर्ने निर्णय कार्यान्वय नगर्न अन्तरिम आदेश दिएको थियो ।

‘असार ७ र १५ गते भित्र कर तथा विवरण बुझाउने सम्बन्धमा भनि जारी भएको सूचना बन्दाबन्दीको अवधिसम्म कार्यान्वयन नगरी बन्दाबन्दी पूर्ण रुपमा खुले पश्चात बाटोको म्याद बाहेक ३० दिन भित्र सम्बन्धी विवरण र कर बुझाउन सक्ने गरी आवश्यक व्यवस्था मिलाउनु,’ सर्वोच्च अदालतद्वारा जारी अन्तरिम आदेशमा निभएको छ, ‘यस्तो अवस्थामा केही अववाद बाहेक राज्यलाई साबिक समयमै कर र विवरण दाखिला गर्दै आएका करदातालाई आजको असहज परि स्थितिमा आइपरेका व्यवहारिक समस्या समेत विचार गरी न्यायोचित सुविधा दिनबाट राज्य पन्छिनु वाञ्छनीय देखिँदैन ।

यस दृष्टिबाट हेर्दा आन्तरिक राजश्व विभागको सूचनामा उल्लेख भएको समयावधीले करदातालाई सुविधा दिएको भन्दा पनि सन्त्रास सिर्जना गर्ने अवस्था देखिन्छ ।’ सर्वोच्चले केही समय पहिले लकडाउनको बेला उत्पन्न भएको कानूनी रिक्तता समाधान गर्नका लागि समेत यो अवधिलाई शून्य समय मान्ने गरी कानूनी अड्चन फुकाएको थियो । यस अघि आन्तरिक राजस्व विभागले जेठ २५ गतेभित्र कर तिर्न निर्देशन दिएको थियो । साथै उक्त मितिमा नतिरे जरिवाना गरिने समेत जानकारी गराएको थियो । तर, त्यसको विरोध भएपश्चात भोलिपल्टै विभागले अर्को सुचना जारी गर्दै असार ७ र १५ गरी दुई ओटा मितिमा कर तिर्नु पर्ने बताएको थियो । तर बुधबार सर्वोच्चले जारी गरेको अन्तरिम आदेश अनुसार पूर्ण रुपमा लकडाउन खुलुको ३० सरकारले कर उठाउन पाउने छैन ।

# विदेशमा अलपत्र नेपाली ल्याउन उडान तालिका सार्वजनिक

**काठमाडौं /मस**-विदेशमा अलपत्र परेका नेपाली ल्याउन राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले आफ्ना उडानको कार्यतालिका सार्वजनिक गरेको छ । सरकारले विभिन्न मुलुकमा अलपत्र परेका करिब ३० हजार नेपाली जहाज चार्टर्ड गरेर ल्याउने निर्णय गरेसँगै निगमले जुन महिनाभर विभिन्न देशबाट गरिने चार्डर्ड उडानको कार्यतालिका बनाएको हो ।




संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सरकारको निर्णयअनुरुप सरोकारवालासँग बुधबार छलफल गरी नेपाल एयरलाइन्सलाई २४ र हिमालय एयरलाइन्सलाई १९ उडान गर्नेगरी अनुमति दिएको थियो । त्यस्तै २४ वटासम्म विदेशी एयरलाइन्सलाई उडान दिने तालिका मन्त्रालयले तय गरेको छ ।

नेपाल एयरलाइन्सका दुई वाइडबडी र दुई न्यारोबडी गरी चार जहाजले उडान गर्नेछन् भने नेपालबाट अन्तर्राष्ट्रिय उडान भर्ने निजी लगानीको हिमालय एयरलाइन्ससँग चार न्यारोबडी जहाज छन् । दुवै एयरलाइन्सले पूर्ण क्षमताका साथ विदेशबाट नेपाली बोक्नेछन् । नेपाल एयरलाइन्सको मात्रै चार जहाजले दैनिक एक हजार ६०० यात्रु ल्याउन सक्ने क्षमता छ । त्यस्तै हिमालयले करिब एक हजार यात्रु ल्याउन सक्छन् ।

विदेशस्थित कोभिड महामारीका कारण आफ्नो देश फर्कन चाहनेले अहिलेसम्म आ-आफ्नो देशस्थित राजदूतावासमा सम्पर्क गर्न अनुरोध गरिसकेको छ । निगमका अपरेशनल विभागका प्रमुख दीपु जुहार्जनका अनुसार नेपाल एयरलाइन्सले जुन महिनामा मात्रै दुई दर्जन उडान गर्दैछ । जसअनुरुप जुन १४ तारिखमा बङ्गलादेशको ढाका, जुन १५ मा माल्दिभ्सको माले र मलेशियाको क्वालालम्पुरमा उडान हुनेछ । त्यसैगरी जुन १६ मा दुबई र कतारको दोहा, जुन १७ मा अष्ट्रेलियाको सिड्नी, थाइल्याण्डको बैंकक र बहराइनबाट नेपाली ल्याइनेछ । जुन १८ मा साउदी अरेबियाको रियाद र दुबइ, जुन १९ मा जापानको नारिता र कुवेत, जुन २० मा साइप्रस, क्वालालम्पुर र दोहा उडान हुनेछ ।

त्यसैगरी जुन २१ मा दक्षिण कोरियाको सोल र ओमानको मस्कट, जुन २२ मा सम्भावित मेल्बर्न, बैंकक, जुन २३ नारिता र माले, जुन २४ मा सम्भावित साउदी अरबको जेद्दह, कुवेत र जुन २५ तारिखका दिन सम्भावित अमेरिकाको लसएन्जल्स या डालस उडान गर्ने योजना रहेको निगमले उल्लेख गरेको छ । जुन महिनाका विभिन्न मितिमा हिमालय एयरलाइन्सले बङ्गलादेश, श्रीलङ्का, मलेशिया, कतार, साउदी अरब, युएई, कुवेतलगायत मुलुकबाट चार्टर्ड उडान गरी नेपाली स्वदेश ल्याउनेछ ।

हिमालय एयरलाइन्सका उपाध्यक्ष विजय श्रेष्ठले विदेशबाट नेपाली ल्याउन जहाज तयारी अवस्थामा रहेको जानकारी दिनुभयो । सरकारले गरेको निर्णयअनुरुप चार्टर्ड उडानका लागि सबैखाले तयारी थालिएको उनले उल्लेख गरे ।

# काम नभएपछि मध्यपहाडी राजमार्गको रु चार अर्ब फिर्ता



**काठमाडौं, रासस-** राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी (पुष्पलाल) लोकमार्ग आयोजनाले रु चार अर्ब ३७ करोड फिर्ता हुने भएको छ । बन्दाबन्दी जारी रहँदा निर्माणको काम कम भएकाले सो आयोजनाको सो रकम फिर्ता हुन लागेको जनाइएको छ ।

सरकारले चालू आवमा सो आयोजनाका लागि रु १२ अर्ब विनियोजन गरेको थियो । आयोजनाअन्तर्गत पाँच योजना कार्यालयमार्फत निर्माणको काम अघि बढिरहेको छ । ती योजनाले सडक र पुलका गरी गत फागुनसम्म १४० ठेक्का सम्झौता गरेकामा बन्दाबन्दीको अवधिमा जम्मा ३४ ठेक्कामा मात्रै काम भएको निर्देशनालयका प्रमुख दीपक केसीले बताए । ती योजनामा पनि थोरै जनशक्तिले काम गरेको उनले बताए । उनले भने, “लकडाउनका समयमा यति काम भयो भनी उल्लेखीयरूपमा काम भएको छैन ।”

सरकारले बन्दाबन्दीको घोषणा गर्नासाथ निर्माणस्थलमा रहेका अधिकांश कामदार घर फर्किएका थिए । सरकारले राष्ट्रिय गौरवको आयोजनाको निर्माण पुनः सञ्चालन गर्ने निर्णय गरे पनि काम गर्न सहज वातावरण नबनेको उनले बताऐ । सरकारले निर्णय पछि जिल्ला प्रशासन कार्यालयले सवारी पास उपलब्ध गराएका थिए । स्थानीय तहले भने अरु ठाउँबाट आएका नागरिकलाई सजिलै प्रवेश रोकेकाले काम गर्न असहज भएको हो । सडकमा काम गर्ने मजदुरहरू फरक जिल्लाका हुँदा ल्याउन नसकिएको हो । उनले भने, “कतिपय पालिकाले १४ दिनसम्म क्वारेन्टिनमा राखेरमात्रै निर्माणस्थल जान दिएका थिए ।”

सरकारले विकास निर्माणलाई अघि बढाउने निर्णयपछि योजना कार्यालयले निर्माण व्यवसायीसँग काम गर्न सकिन्छ कि सकिँदैन भनी छलफल गरेका थिए । ‘काम गर्न सक्छु’ भनेर शुरु गरेका निर्माण व्यवसायीलाई पनि आवश्यक जनशक्ति जुटाउनै कठिन भएको छ । जिल्ला प्रशासनले पास दिए पनि सम्बन्धित पालिकाले व्यक्ति र सवारी रोकिरहेका छन् । कोभिड-१९ सङ्क्रमित धेरै भएका जिल्लामा मात्रै होइन सङ्क्रमित नै नभेटिएका वा थोरै रहेका जिल्लामा पनि नयाँ नागरिक प्रवेश नहोस भन्ने चाहेको पाइएको छ । उनले भने, “स्वास्थ्य सुरक्षा अपनाएर काम भए पनि स्थानीय तह विश्वस्त हुन सकिरहेको छैन ।”

सडक विभागका कतिपय आयोजनामा जनशक्तिसँगै निर्माण सामग्रीको समेत अभाव रहेको छ । यो आयोजनामा भने निर्माण भइरहेका स्थानमा निर्माण सामग्रीको अभाव छैन । विगतका वर्षहरूमा सडक कालोपत्रको काम अन्तिम चौमासिकमा हुने गरेकामा अन्तिम चौमासिकको शुरुसँगै जारी बन्दाबन्दीले प्रगति कम रहेको छ । फागुन महिनासम्म काम गरिरहेको टिम साइटमा भइरहेको भए अहिलेसम्म धेरै प्रगति हुने उनको भनाइ छ । बन्दाबन्दी हुनासाथ फर्किएकामध्ये धेरैले चाहेर पनि अहिले निर्माणस्थल आउन सकेका छैनन् ।

सरकारले आगामी तीन वर्ष अर्थात् आव २०७९/८० सम्ममा आयोजना सम्पन्न गर्ने लक्ष्य लिएको छ । यो वर्ष लक्ष्यभन्दा कम काम हुँदा त्यसले आयोजना समयमै सम्पन्न गर्न कठिन हुनसक्ने प्रमुख केसीले बताऐ । आगामी आवमा यही अवस्थामा भए त्यसले लक्ष्यमा सम्पन्न गर्न गाह्रो हुनेछ । कोभिड-१९ को समस्या समाधान भएमा निर्माणलाई तीव्रता दिन सकिने उनले बताऐ । आगामी आवमा बजेटका कारणले पनि धेरै काम हुन नसक्ने उनको भनाइ छ । गत आवमा रु १२ अर्ब रहेकामा सरकारले आगामी आवका लागि रु आठ अर्ब बजेट विनियोजन गरेको छ । उनले भने, “हामीले रु १४ अर्ब माग गरेकामा आठ अर्ब विनियोजन भएको हो ।”

मध्यपहाडका जिल्लाको जीवनस्तर उकास्नका लागि राष्ट्रिय यातायात नीति, २०५८ मा मध्यपहाडी लोकमार्गको परिकल्पना गरिएको थियो । यसको ६ वर्षपछि आव २०६४/६५ बाट निर्माणको काम नै शुरु गरियो । लोकमार्गले मध्यपहाडका २५ जिल्लाका करिब ३०० बस्तीलाई जोड्दै ७५ लाखभन्दा बढी नागरिक लाभान्वित हुने विश्वास गरिएको छ । सडकको लम्बाइ एक हजार ७०० किमी रहेको छ । निर्माणाधीन मध्यपहाडी लोकमार्गको आसपासमा १० वटा नयाँ शहर विकास गर्न लागिएको छ । शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको नयाँ शहर आयोजना समन्वय कार्यालयले १० वटै शहरमा अत्यावश्यक शहरी पूर्वाधार निर्माणलाई अघि बढाएको छ ।

# बिहीबार सुनको मूल्य प्रतितोला नब्बे हजारको हाराहारीमा



**काठमाडौं/मस**–स्थानीय बजारमा सुनको मूल्यमा अनपेक्षितरूपमा वृद्धि भएको छ । आज बजार खुल्दा प्रतितोला पहेँलो धातुको मूल्य रु ८९ हजार ६०० कायम भई हालसम्मकै उच्च विन्दुमा पुगेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज छापावाल सुनको मूल्य बुधबारको तुलनामा रु हजारले बढेका छ । त्यसैगरी, तेजाबी सुन प्रतितोला रु ८९ हजार १६५ मा कारोवार भइरहेको छ भने चाँदीको मूल्य प्रतितोला रु ९५० कायम भएको छ ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्यमा वृद्धि भएसँगै त्यसको स्थानीय बजारमा पनि प्रभाव परेको सुनचाँदी व्यवसायीले बताएका छन् । गत आइतबारदेखि सुनको मूल्यमा निरन्तर बढोत्तरी भइरहेको छ । उक्त दिन रु ८७ हजार ४०० मा एकतोला सुन खरिद बिक्री भएको थियो ।

# विश्व बैंकद्वारा ५४ अर्ब ऋण स्वीकृत




**काठमाडौं/मस**–विश्व बैंकले नेपाल सरकारलाई ऋणस्वरुप रु ५४ अर्ब उपलब्ध गराउने भएको छ । सडकहरूको सुधार एवं सुरक्षा कायम गर्दै बृहत्तर सीमापार व्यापारको माध्यमबाट कोभिड-१९ को महामारीपछिको आर्थिक स्थितिको पुनर्बहालीका लागि मार्गनिर्धारण गर्न तथा विशेषगरी महिलालाई रोजगारीका अवसर प्रदान गर्ने परियोजनाका निम्ति बैंकले उक्त रकम आज स्वीकृत गरेको हो ।

नागढुङ्गा-नौबिसे-मुग्लिन सडकखण्डको सुधार तथा कमला-ढल्केवर-पथलैया सडकको स्तरोन्नतिका निम्ति स्वीकृत रकमबाट नेपाल रणनीतिक सडक सम्पर्क तथा व्यापार सुधार परियोजनाका साथै क्षेत्रीय सडक सम्पर्क बढ्ने विश्वास बैंकले व्यक्त गरेको छ ।


रणनीतिक सडक सम्पर्क तथा व्यापार सुधार परियोजना भारत र अन्य मुलुकसँगको सम्पर्क तथा व्यापार बढाउन महत्वपूर्ण हुने, परियोजनाले सीमा नाकामा व्यापार अनुकूल भौतिक पूर्वाधार तथा अवरोधरहित कृषि उपजको निर्यातमा टेवा पुग्ने बैंकले आज जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

कोभिड-१९ को महामारीलाई दृष्टिगत गरी परियोजनाअन्तर्गत सीमा नाकामा आयात-निर्यात हुने वस्तु र त्यसमा संलग्न व्यक्तिको सुदृढ परीक्षण, विशेष कार्यव्यवस्था, सुरक्षित सामाजिक दूरी र भौतिकरूपमा टाढैबाट कार्यसम्पादनको व्यवस्था गरिनेछ ।
















प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**